**Publisher : Everest World Ltd.**
Chief Editor : B K Pandey
Editor : Govind Belbase
Managing Editor : B P Khanal
**Address** : *51 Brookfurlong, Peterborough, PE3 7LQ*
*Web : www.nepalisandesh.com*
*Email : editor@nepalisandesh.com*
*Phone : 01733269772 / 07723368496*
*Fax : 01733530444*

नेपाली सन्देश
The Nepali Sandesh Weekly साप्ताहिक

## सम्पादकीय

# लचकता अपनाएर सहमति गर

माओवादीले मे १ मा गरेको शान्तिपूर्ण प्रदर्शनका कारण राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा नै उसले आफूलाई एक संयमित पार्टीको रुपमा स्थापित गरेको छ। माओवादीको आन्दोलन हिंसा फैलाउने उद्देश्यका साथ भएको भन्ने सरकारी तवरबाट लगाइएका आरोपहरु पनि निराधार सावित भएका छन्। यसैगरी मे २ बाट सुरु भएको आम हड्ताल पनि समग्र रुपमा शान्तिपूर्ण नै रह्यो। केही ठाउँहरुमा सत्तारुढ दलका कार्यकर्ताहरु र माओवादी कार्यकर्ताहरुबीचमा झडपहरु भए पनि स्थितिलाई नियन्त्रणमा राख्न आन्दोलनकारी माओवादी र सरकार सफल नै रहे। ६ दिनसम्म निर्मम ढंगले आम हड्ताल जारी रहँदा आम जनसमुदायमा परेको असर र सत्तारुढ दलका कार्यकर्ताहरु प्रतिकारमा आएको कारण यदि उक्त आम हड्ताल अरु केही दिन लम्बिएको भए धेरै नै हिंसात्मक गतिविधि अगाडि बढ्ने निश्चितजस्तै थियो। तर यी सबै कुराको मुल्याङ्कन गर्दै माओवादीले आम हड्ताल स्थगित गर्‍यो। जसलाई एक स्वागतयोग्य कदमको रुपमा लिनुपर्ने हुन्छ।

माओवादीले आम हडताल स्थगित गरेपछि पनि सरकारको तर्फबाट प्रमुख प्रतिपक्षी दलका मागहरु सम्बोधन गर्ने सवालमा उल्लेखनीय पहल हुन सकेको छैन। यसबारेमा यूरोपियन यूनियनका राजदूतहरुले पनि असन्तुष्टी जाहेर गरेका छन्। केही नेताहरु माओवादीले आफूलाई नागरिक पार्टी बनाउनुपर्ने अनि मात्र उसको नेतृत्व स्वीकार गर्ने खालको कुरा गरेर स्थितिलाई फेरि चर्काउने पक्षमा लागेका छन्। सबैले स्वीकार गरेको निर्वाचनमा प्रत्यक्षतर्फ अरुले भन्दा ७/८ गुणा बढि सिट हासिल गर्ने पार्टीलाई नागरिक पार्टी होइन भन्नु केवल हलो अड्काउने कुरा मात्र हो। अर्को कुरा सत्तारुढ दलहरुले प्रतिपक्षीसँग चाहिँदो नचाहिँदो माग राखेर देशलाई अनिर्णयको बन्दी बनाउनुलाई लोकतान्त्रिक पद्धति पनि मान्न सकिन्न।

माओवादी, कांग्रेस र एमालेको बीचमा सहमतिको न्यूनतम वातावरण बन्दैन भने नयाँ संविधान कुनै पनि हालतमा बन्न सक्दैन। अब जेठ १४ भित्र संविधान बन्ने कुनै सम्भावना रहेको छैन र यदि यस्तै खालको परिस्थिति रहिरहन्छ भने जति म्याद थपे पनि संविधान बन्न सक्दैन। माओवादी जनसेना पनि अहिले एक विवादको विषय बनेको छ। माओवादी जनसेनालाई जसरी भए पनि समायोजन गर्नुपर्छ। यदि यो अनुभवी र तालिमप्राप्त शक्तिलाई व्यवस्थित नगरी छोडियो भने यो जनशक्ति अरु अतिवादीहरुको हातमा पनि जान सक्छ भन्ने कुरा कांग्रेस र एमालेले पनि बुझ्नु जरुरी छ।

अर्कोतर्फ अत्यन्त सामन्ती पृष्ठभूमिमा रहेको नेपाली सेनालाई पनि लोकतान्त्रिकरण गर्नु अत्यन्त जरुरी छ। सेनाभित्र रहेको निरंकुशता र मनपरितन्त्रलाई लालमोहर लगाएर प्रोत्साहित गर्ने रक्षामन्त्री विद्या भण्डारी क्रियाकलाप अत्यन्त निन्दनीय छ। नेपालमा ठूलो सेनाको जरुरत छैन। शान्ति सुरक्षा कायम गर्न सेनालाई गरिएको खर्च कटौति गरी प्रहरीको संख्या थप्ने तथा सशक्त बनाउनु जरुरी छ। कालान्तरमा नेपालले आफूलाई सेना नभएको देश बनाउनु जरुरी छ किनकि सामरिक हिसावले नेपालको सेना दुई छिमेकी देशसँग लड्न सक्ने हैसियत विभिन्न कारणले गर्दा राख्न सक्दैनन्। केवल आन्तरिक सुरक्षाको लागि र ठूलाबडा सैनिक अधिकारीहरुको अर्धलीको लागि सेनामा राज्यले जुन लगानी गरेको छ, यो अत्यन्त अनुत्पादक रहेको छ। त्यसैले माओवादी, एमाले र कांग्रेसले सेना समायोजन र सेनाको भावि स्वरुप, संख्या र कामको मुल्याङ्कन गरी विवाद समाधान गर्नु जरुरी छ।

प्रमुख प्रतिपक्षीमा रहेको माओवादीले पनि हरेक सवालमा आफूले भनेजस्तै हुनुपर्छ भन्ने मान्यता राख्नु हुँदैन। राजनीति वर्गीय हुन्छ भन्ने सिद्धान्त बोकेको माओवादीले वर्गसहितको समाजमा सहमति गर्दा अरु वर्गका कुराहरुलाई समेत स्वीकार गर्न गाह्रो मान्नु हुँदैन। अहिले सरकार निर्माण भन्दा पनि संविधान निर्माण महत्वपूर्ण कुरा हो। संविधानसभामा निकै दरो उपस्थिति रहेकोले संविधान निर्माण हुन नसक्नुमा माओवादीले पनि ठूलो दोष बोक्नुपर्छ।

नेपाली जनता अव धेरै बन्द हडताल थेग्न सक्ने अवस्थामा छैनन्। त्यसैले सत्तारुढ दल र प्रमुख प्रतिपक्षी दल माओवादी दुवै लचिलो बनुन्। अन्यथा जनताको कसिमा यी तीनवटै दलहरु दोषी ठहरिने कुरा निश्चित छ। त्यस्तैगरी सरकारको नेतृत्व गरिरहेका माधव नेपालले राजीनामा गरी राष्ट्रिय सरकार गठन र सहमति समझदारीको राजनीति अगाडि बढाउने मार्ग खुला गर्न अत्यन्त जरुरी छ। अन्यथा प्रधानमन्त्री नेपाल र उहाँकै पार्टी एमालेले पनि भविष्यमा ठूलो मूल्य चुकाउनुपर्ने कुरालाई नकार्ने ठाउँ नै रहेको छैन।

## भुलसुधार

गत अंकमा प्रकाशित किराँत याक्थुङ चुम्लुङको समाचारमा सहकोषाध्यक्ष दिलसिं लिम्बू हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

## बोल्यो कि पोल्यो

- विगतमा लडाकु र वाईसीएलको टुङ्गो नलगाइकन चुनाव गर्दा ठूलो क्षति भएको हो:

*सुजाता कोइराला, उपप्रधानमन्त्री।*

- (हावादारी कुरा हो, उपप्रधानमन्त्रीज्यू यो सब। जनताले पत्याएकोलाई वाईसीएल, एक्ससीएल, जेडसीएल कसैले केही गर्न सक्दैन।)

- राजनीतिक दलहरुबीच सहमति भएमा संविधानसभाको म्याद बढाउन कानुनी र संवैधानिक बाधा छैन।

*सुवास नेम्वाङ, अध्यक्ष संविधानसभा*

- (यस कुरामा पक्कै पनि सहमति हुन्छ, चिन्ता नगर्नुस्। यो त काले काले मिलेर खाउ भाले नै हो। सकिएको जागिर आफैले म्याद थप्न पाए पछि को नामञ्जुर हुन्छ र ?)

- अहिले पनि शान्ति र संविधान निर्माण गर्ने दुई कार्यभार हाम्रासामु छन्।

*झलनाथ खनाल, अध्यक्ष नेकपा एमाले।*

(तपाइँले जे बोले पनि जे भने पनि हुन्छ। तपाईलाई केपी ओलीले र माधव नेपालले कुनै हैसियत नै दिएका छैनन्। तपाई त नाम मात्रको अध्यक्ष कामको अध्यक्ष त केपी ओली हुन् क्या रे !)

**इण्डियन रेस्टुरेण्ट बिक्रीमा**

**लण्डन NW2 एरियामा रहेको इण्डियन रेस्टुरेण्ट बिक्रीमा छ। इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।**

**सम्पर्क** : 02084527665
: 02089048758

# पुँजीवादको विकल्प पुँजीवाद हैन, समाजवाद हो

**समसामायिक**

मिलन दीप

**पुँजीवादी अर्थ प्रणालीले विकास गरेको अहिलेको संस्कृति भनेको उपभोक्तावादी संस्कृति हो। पुँजीवादी देशमा राज्यका स्रोत र साधनहरूमा ९० प्रतिशत भन्दा बढि जनताको कुनै साइनो सम्वन्ध रहेको छैन। बेलायतकै कुरा गर्ने हो भने ९० प्रतिशत मानिसहरूसँग सम्पत्ति भनेको जागिर नै हो। बुढेशकालको सम्पत्ति भनेको राज्यले दिने पेन्सन नै हो। पूर्वी यूरोपमा कम्युनिष्टहरूको कब्जा छउञ्जेल उनीहरू भन्दा हामी जनतालाई सामाजिक सुरक्षा दिन सक्छौं भनी पुँजीवादी राष्ट्रहरूले विभिन्न सामाजिक सुरक्षाको कार्यक्रम ल्याउन बाध्य थिए। तर अहिले विश्वभर समाजवादले धक्का खाएपछि उनीहरूले हिजो प्रदान गर्दै आएका सामाजिक सुरक्षा कार्यक्रममा कटौति गर्न थालेका छन्।**

पुँजीवाद दिनानुदिन संकटमा फस्दै छ। अहिले पुँजीवादी अर्थ प्रणाली विश्वव्यापी रुपमा आर्थिक संकटबाट गुज्रिरहेको छ भने यसले समाजमा ल्याउने सामाजिक संकटहरु पनि छरपस्ट रुपमा देखा पर्न थालेका छन्। विश्वका समाजवादी राष्ट्रहरु एकपछि अर्को ढल्दै गएर जव सोभियत संघको विघटन भयो, पुँजीवादी चिन्तकहरु पुँजीवादको विकल्प पुँजीवाद नै हो भन्ने ढङ्गले प्रस्तुत हुन थाले। कतिपय समाजवादी सोचाई राख्ने राजनीतिक दलहरुमा पनि विचलन आयो।

कागजको जगमा उभिएको विश्वको सवभन्दा ठूलो अमेरिकी पुँजीवादी अर्थतन्त्रले जेनतेन अहिले सिर्जना भएको मन्दी थेग्दै छ तर फेरि एक कालखण्डमा आउने मन्दी थेग्न सक्छ कि सक्दैन प्रश्न उठाउने बेला भएको छ। खासगरी एसियाली राष्ट्रहरुले गरेको प्रगतिको कारण अमेरिकी तथा युरोपेली पुँजीवादी अर्थ प्रणालीलाई आगामी वर्षहरुमा झन् धक्का लाग्दै जानेछ। अहिले एसियाली मुलुकहरु विश्वका प्रमुख निर्यातकर्ता बनेर उदाउँदै छन्। यसले गर्दा अमेरिकी तथा युरोपेली सरकारहरु विस्तारै व्यापार घाटाको स्थितिमा धकेलिने छन् भने कालान्तरमा सोधानान्तर स्थिति पनि संकटपूर्ण हुँदै जानेछ। ठूला मेसिनरी, ठूला खाले इन्जिन र हातहतियार बेच्न पाउञ्जेल मात्र यी देशहरुमा व्यापार घाटा ठूलो हुने छैन। तर क्रमशः एसियाली राष्ट्रहरुमा यस्ता खाले सामानहरुको उत्पादन हुँदै गइरहेको सन्दर्भमा पुँजीवादी अर्थ प्रणालीले सुन्निएर मोटाएका राष्ट्रहरुले संकट नभोगी सुखै छैन।

पुँजीवादी अर्थ प्रणालीले विकास गरेको अहिलेको संस्कृति भनेको उपभोक्तावादी संस्कृति हो। पुँजीवादी देशमा राज्यका स्रोत र साधनहरुमा ९० प्रतिशत भन्दा बढि जनताको कुनै साइनो सम्वन्ध रहेको छैन। बेलायतकै कुरा गर्ने हो भने ९० प्रतिशत मानिसहरुसँग सम्पत्ति भनेको जागिर नै हो। बुढेशकालको सम्पत्ति भनेको राज्यले दिने पेन्सन नै हो। पूर्वी यूरोपमा कम्युनिष्टहरुको कब्जा छउञ्जेल उनीहरु भन्दा हामी जनतालाई सामाजिक सुरक्षा दिन सक्छौँ भनी पुँजीवादी राष्ट्रहरुले विभिन्न सामाजिक सुरक्षाको कार्यक्रम ल्याउन बाध्य थिए। तर अहिले विश्वभर समाजवादले धक्का खाएपछि उनीहरुले हिजो प्रदान गर्दै आएका सामाजिक सुरक्षा कार्यक्रममा कटौति गर्न थालेका छन्। यस कटौतिले पनि आम जनतामा असन्तुष्टि बढ्न थालेको छ।

अर्कोतर्फ पुँजीवादी प्रणाली अन्तर्गत जागिरमा नै आश्रित हुन पुगेका ९० प्रतिशत जनतामध्ये १० प्रतिशतले मात्र जागिर गुमाएमा यसको असर सम्पूर्ण पुँजीवादी देशहरुमा पर्न जान्छ। यसले उपभोक्ताहरुको क्रय शक्तिमा आएको ह्रासको कारण उपभोगको सामानको महिनैपिच्छे नयाँ संस्करण बजारमा पठाएर कम्पनी विस्तार गरिरहेका मल्टी नेशनल कम्पनीहरुको ढोका बन्द गर्नुपर्ने स्थिति सिर्जना हुनसक्छ। पुँजीवादी अर्थ प्रणालीमा पुँजी बजारमा घुमिरहन्छ र प्रत्येक मोडमोडमा सरकारलाई राजश्व र जनतालाई जागिर दिँदै जान्छ। तर कुनै एक मोडमा समस्या आएमा पूरै प्रणाली एक दुई महिनामा नै क्षत विक्षत हुन सक्छ। वास्तवमा यो एकदिन हुन्छ र जतिसुकै आर्थिक उपायहरु अवलम्वन गरे पनि कसैले रोक्न सक्दैन। अर्थतन्त्रका उद्योग, व्यापार, कृषि र सेवा प्रत्येक क्षेत्रमा पुँजीवादी देशहरुले अझै अधिपत्य जमाएका छन्। त्यसैगरी एसियाली मुलुक गुमाउँदै गएपनि पुँजीवादीहरुको लागि अफ्रिकी मुलुक अझै खुला चौरको रुपमा रहेको छ। उद्योग, व्यापार र कृषिमा भारत र चीनले विस्तारै अमेरिकी तथा यूरोपेली राष्ट्रहरुलाई विस्थापित गर्दै गइरहेका छन् भने अहिले सेवा क्षेत्रमा पनि भारतीयहरु प्रवेश गर्न थालेका छन्। बैंक र विमा व्यवसायमा अमेरिका र यूरोपको एकाधिकार समाप्तीको क्रममा अघि बढ्दा एकदिन विकसित पुँजीवादी राष्ट्रहरुको कागजको जगमा उभिएको अर्थतन्त्र ढल्ने निश्चित छ।

पुँजीवादले सिर्जना गरेको आर्थिक समस्याभन्दा सामाजिक समस्याहरु झन् डरलाग्दा छन्। सञ्चय गर्ने बानी नहुनु, उपभोगको लागि बढी कमाउनुपर्ने भएकोले बढि समयसम्म काम गर्न पर्नु, उत्पादकत्व बढाउने नाउमा कामदारहरुले क्षमताभन्दा बढी काम गर्न पर्नु, पर्यावरणमा क्षय हुने क्रम बढ्नु, पारिवारिक सम्वन्धमा ह्रास आउनु, नैतिक मूल्य र मान्यतामा कमी आउनु, मनोरञ्जनको नाममा कुलतका वस्तुहरुमा बानी पर्नु आदिले मानिसको सम्पूर्ण गतिविधिमा नै असर पारेको छ। फलस्वरुप डिप्रेशन, मुटुरोग, स्ट्रोक, एचआइभी, डायवेटिज, ब्लडप्रेसर, क्यान्सर जस्ता घातक रोगहरु बढि संख्यामा देखा पर्न थालेका छन्। मानिसहरुमा उपभोक्तावादी प्रवृत्तिले गर्दा चिन्तन मनन गर्ने रचनात्मक बन्ने प्रक्रियाहरु पुरै अवरुद्ध हुन पुगेका छन्। केवल सिमित समूह मात्र यस्तो गतिविधिमा लागेका छ् भने निकै ठूलो समूह शून्य दिमागको स्थितिमा पुगिसकेको छ। यो सामाजिक तथा सांस्कृतिक पतनले अहिले पुँजीवादलाई निकै फाइदा पुगेको छ। तापनि यही पतनले एकदिन पुँजीवादलाई समाप्त गर्ने पनि निश्चित छ।

पुँजीवादी विकासक्रमको अवको अवधि भनेको यसको सिमान्त अवधि हो। त्यसैले अर्जेन्टिना हुँदै अमेरिका, यूरोप तथा वर्तमानमा ग्रीसमा आएर यो ठोकिँदैछ। पुँजीवादी युग अव समाप्तीको रिहर्सलमा लागिसकेको छ र यसको गन्तव्य समाजवाद नै हो। पुँजीवादी दौडधुपले मानिस सारै थाकिसकेका छन्, रोगी भइसकेका छन्, डिप्रेशन भएको छ, हुँदा हुँदै दैनिकी चलाउन पनि कठिन हुन थालेको छ। त्यसैले अव समाजवादको खोजी हुन थालेको छ।

कार्ल मार्क्सका सिद्धान्तहरु वैज्ञानिक छन्। त्यसैले समाजवादाई रोक्न कसैले सक्दैनन्। बरु त्यो कसरी आउँछ ? क्रान्तिकारी आउँछ कि सुधारवादी आउँछ ? पुरानै ढाँचा र मोडलमा आउँछ कि समयसापेक्ष सुधारिएर आउँछ ? शान्तिपूर्ण ढंगले आउँछ कि क्रान्ति गरेर आउँछ ? आदि इत्यादि प्रश्नहरु भने पक्कै वहसका विषय बन्नेछन् र बन्नुपर्छ। त्यसैले पुँजीवादी क्षणिक सफलताबाट विचलित भएका वा त्यत्तिकै पुँजीवादतर्फ लहसिएका चिन्तकहरु फेरि पनि समाजवादी आन्दोलनमा चिन्तन मनन सुरु गरे हुन्छ। पुँजीवादको विकल्प पुँजीवाद होइन, समाजवाद नै हो।

# प्रचण्डलाई माधव नेपालको पत्र

☺☺☺☺ हाल वेहाल ☺☺☺☺

॥ नारद पण्डित ॥

*(आजको परिस्थितिमा माधव नेपालले प्रचण्डलाई पत्र लेख्न परे कस्तो पत्र लेख्लान् भन्ने अनुमानका आधारमा यो खेस्रा तयार पारी सर्वसाधारणको लागि जारी गरिएको छ।) - ना.प.*

कमरेड प्रचण्ड

लालसलाम

तपाई जनयूद्ध लड्नु भन्दा धेरै पहिला झापामा मान्छे काटेर अगाडि बढ्दै अहिलेको सरकार चलाउन पुगेको कम्यूनिष्ट पार्टीको नेताको नाताले यो पत्र लेख्दै छु। त्यसैले म खाँटी कम्यूनिष्ट र तपाई सिकारु कम्यूनिष्ट भएको संझना दिलाउन चाहन्छु।

तपाई कमरेडलाई मैले भन्नै पर्ने अर्को कुरा के छ भने म गोर्डन ब्राउन जस्तो लुते नेता होइन। आफ्नो पार्टीले बहुमत संसद सिट जित्न सकेन भन्दैमा राजीनामा दिने लुते नेता होइन म। दुई दुई ठाउँबाट निर्वाचन आफुले हार्नका साथै पार्टीका सिट पनि पहिले भन्दा थोरै स्थानमा झर्दा पनि प्रधानमन्त्री बन्ने र राजीनामा चाँही दिँदै नदिने क्षमता भएको प्रभुको आशिर्वाद प्राप्त प्रधानमन्त्री हुँ म।

म अनुभवी कम्यूनिष्ट र तपाई नयाँ कम्यूनिष्ट भएका कारणले मैले तपाईलाई केही कम्यूनिष्ट नियमहरु सिकाउनु पर्ने कर्तब्य ठानेर यो पत्र लेख्दै छु। शोषणका विरुद्ध विद्रोह गर्नु पर्छ भन्ने हाम्रो मान्यता हो।

तपाई शान्तिपूर्ण आन्दोलन गरेर समाज परिवर्तन गर्ने कुरा र प्रयास गर्दै हुनुहुन्छ। त्यसरी त कम्यूनिष्ट भइँदैन। त्यसैले तपाईलाई खाँटी कम्यूनिष्ट बनाउन चाहेको हुँ। शान्तिपूर्ण विरोध हुँदैमा मैले राजीनामा दिन्न भनेर जिद्दी गरेर तपाईलाई हिँसात्मक विद्रोहमा उतारेर साचो कम्यूनिष्ट बनाउनु मेरो मनसाय हो। मेरा प्रभुको पनि चाहना हो त्यो।

तपाई भने मलाई सामन्तवादी र विदेशी विस्तारवादको कठपुतली भन्दै हामी कम्यूनिष्टहरुको मुल मर्म नबुझ्ने भूल गर्दै हुनुहुन्छ। माओका संघर्ष, क्रमभङ्ग, दुई छलाङका सिद्धान्तका आधारमा सत्तामा पुग्न सजिलो छैन्। यो कुरा चाडै बुझ्नुहोस्।

सत्ता बाहेक अरु सवै भ्रम हो भन्ने हाम्रो आधारभूत मान्यता हो। त्यसैले जसरी पनि सत्तामा टिक्नु पर्छ। त्यसो गर्न तपाईले जान्नु भएन।

तपाईले पशुपतिका पुजारी फाल्न खोज्नु भयो तर तपाई आदर्शबादी बनेर मुठभेड टार्न पछाडि हट्नु भयो। त्यो सरकार बचाईराख्ने एउटा मन्त्र थियो। तपाईले ठीक गर्नु भएको थियो। तर, प्रभुले तपाई भित्रको क्रमभङ्ग र दुई छलाङको कुरा बुझेर पन्छाउन खोजेको कुरा कटवाल काण्डसम्म आईपुग्दा बल्ल बुझ्नु भयो। तर गल्नु भएन। हो त्यही नगल्नु तपाईको भूल हो। त्यसरी प्रभु विरुद्ध गएर सत्ता पाइँदैन। प्रभुको आशिर्वादमा चल्नुस् तब बल्ल कुर्सी पनि पाइन्छ। बचाउन पनि सकिन्छ। मेरो अवस्थाबाट सिक्न सके तपाई पनि म जस्तै कम्यूनिष्ट बन्न सक्नु हुन्छ।

यो संसदवादी नामको ब्यवस्था प्रजातान्त्रिक होइन। सही प्रजातान्त्रिक ब्यवस्था बनाउन त हिंसात्मक लडाई लड्नु पर्छ भन्ने सन्देश फैलाएर म सक्कली कम्यूनिष्ट बन्ने प्रयास गर्दैछु। त्यसैले तपाईलाई सक्कली कम्यूनिष्ट बनाउन प्रहरी र यूथफोर्स घुसाएर प्रदर्शनलाई हिंसात्मक बनाउन खोजेँ तर तपाईले कुरै बुझ्नु भएन्। तपाईको शान्तिपूर्ण आन्दोलनको केही काम छैन।

जहिलेसम्म तपाईले मेरो मार्ग अपनाउनु हुन्न तबसम्म तपाई खाँटी कम्यूनिष्ट भएर सत्तामा पुग्नु हुन्न।

जनताको सेवा गर्न खोजे दुःख पाइन्छ प्रभूको सेवा गरे प्रधानमन्त्री भइन्छ। राजीनामा पनि दिन पर्दैन।

तपाईको सद्बुद्धि पलाओस् भन्ने कामना सहित आजलाई बिदा चाहन्छु।

अभिवादन सहित तपाईको
कमरेड माधव नेपाल

## माओवादी परिवर्तन नभएसम्म सरकार परिवर्तन हुन्न : कांग्रेस

काठमाडौं/नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले शान्तिप्रक्रिया र संविधान लेखनका विषयमा सहमति नभएसम्म सरकार परिवर्तन नगर्ने निर्णय गरेको छ। पार्टी कार्यवाहक सभापति सुशिल कोइरालाको निवास महाराजगञ्जमा आइतवार बसेको बैठकले माओवादी लडाकुको समायोजन, कब्जा गरिएका घरजग्गा फिर्ता, वाइसीएल अर्धसैनिक संरचना भंग र माओवादी नागरिक पार्टीका रुपमा रुपान्तरण नभएसम्म सरकार परिवर्तन गर्न नसकिने अडान राखेको हो। बैठकले यी विषयमा प्याकेजमै सहमति गर्न माओवादीलाई आग्रह गरेको छ। बैठकले विधिसम्मत तरिकाबाट मात्र सरकार परिवर्तन गर्न सकिने अडान यथावत राखेको छ।

## माओवादीद्वारा संसद बैठक बहिष्कार

काठमाडौं/व्यवस्थापिका संसदको सोमबारको बैठक एकीकृत नेकपा माओवादीले बहिष्कार गरेको छ। बैठक सुरु हुनसाथ एकीकृत नेकपा माओवादीका सभासद अमिक शेरचनले माओवादीको हडतालमा सरकारले दमन गरेको आरोप लगाए। सभासद शेरचनले अन्य दलले आफ्ना युवा दस्ता परिचालन गरेर माओवादीको आन्दोलन भड्काउन खोजेको पनि आरोप लगाए। उनले सत्ताधारी दलहरू शान्ति संविधान र संघीय गणतन्त्रको पक्षमा नभएको बताउँदै माओवादी सधैँ जनताको पक्षमा लडिरहने बताए।

## पाठकमञ्च

# किन नबुझेको हो ? अचम्म यसैमा छ

सम्पादकज्यू,

नेपालका शासक वर्गले सयौं वर्षदेखि गर्दै आएको कुशासन नै अहिले नेपालको दुर्दशाको मूल कारण हो। शाह हुन् कि राणा यी दुवैले देशलाई चुस्ने सिवाय अरु काम गरेनन्। २०४६ सालसम्म आइपुग्दा राजाको नाम भजाएर टाउके पञ्चहरुले पनि मुलुक लुट्न पुगे।

२०४६ सालको आन्दोलन पश्चात देश जनताको शासन मुनी आयो। तर राजनीतिक पार्टी र तिनका नेताले पनि आफूलाई शाह र राणा भन्दा गतिलो बनाउन सकेनन्। फरक यत्ति हो, राणा र शाहले हाकाहाकी लुट्थे भने कांग्रेस, एमाले, राप्रपा नामका नयाँ शाह र राणाले नियम पुर्‍याएर लुटे। यो बीचमा वायू सेवा निगमका मात्र थुप्रै काण्डहरु भए। सांसद खरिद विक्रि प्रकरणहरु भए। पार्टी स्वार्थ, नातागोता फरियावादले देश व्याप्त भयो। नेताहरुको भ्रष्टाचार पराकाष्ठमा पुग्यो। पुलिस र सेनाको अधिकृत भर्तिमा रकम लेनदेन चल्न थाल्यो। केही नेताहरु अदालतको कठघरामा पनि पुगे। तर अदालतले भ्रष्टहरुलाई बचाई दियो।

यिनै नेताहरुको नालायकीपनको कारण एकातर्फ शाही दरवार सक्रिय हुन थाल्यो भने अर्कोतर्फ जनयूद्धमा नेकपा माओवादी होमियो। संसदवादी नेताहरुबाट जनताको पक्षमा काम हुँदैन भन्ने विश्वासले एकथरी जनता माओवादीतर्फ आकर्षित भए। त्यस्तैगरी यथास्थितिवादीहरुले राजालाई सक्रिय बन्न उचाले। तत्कालीन राजाले अन्तिममा सत्ता आफ्नो हातमा लिएर जनताको सम्पूर्ण अधिकार छिन्ने काम गरे। संसदवादीहरुले सडक आन्दोलन गरे तर पनि जनता सडकमा उत्रिएनन्। आखिरमा नागरिक समाजका नेताहरुले आन्दोलन उत्कर्षमा पुर्‍याएर नेतृत्व गर भनी संसदवादी दलका नेताहरुलाई जिम्मा लगाए। माओवादी र अरु राजनीतिक दलहरु बीच भएको सम्झौताअनुसार आन्दोलन पनि चर्कियो र सफलतामा टुङ्गियो। दोस्रो जनआन्दोलनले संविधानसभा, गणतन्त्र, संघीय राज्य जस्ता माओवादीका मागहरुलाई सबैले स्वीकार गरे। परिणामस्वरुव राजतन्त्रको शान्तिपूर्ण ढंगले समाप्ती भयो। संविधानसभाको चुनावमा सबभन्दा धेरै भोट र सिट ल्याएर माओवादीहरुले सबैलाई अचम्मित पनि पारिदिए। गिरिजाबाबुले ४ महिना लगाएर कुर्सी छोडेपछि मुस्किलले माओवादीको सरकार बन्यो। माओवादीको सरकारमा सामेल नभएर नेपाली कांग्रेसले राष्ट्रिय सरकार बन्न दिएन। यसपछि पनि लामो समयसम्म संसद अवरुद्ध गरियो। सत्तामा बसेको दलसमेत संसद अवरोधमा लागे। अन्तमा सरकारको निर्णय उल्ट्याउन लगाएर राष्ट्रपतिलाई कार्यकारी बनाइयो। प्रधानसेनापति प्रकरणलाई अदालती माध्यमबाट टुङ्ग्याउनु पर्नेमा राष्ट्रपतिबाट टुङ्ग्याइएको ठीक भन्नेसम्म गतिलै ठानिएका नेता पनि पछि परेनन्। अन्तमा प्रचण्डले राजीनामा दिएर नयाँ मार्ग खोलिदिएपछि नयाँ सरकार बन्यो। राष्ट्रपति प्रकरणमा संकल्प प्रस्तावमा छलफल गर्नसम्म कांग्रेस एमाले तयार भएनन्।

स्थिति चर्किँदै जाँदा अहिले संविधान नै नबन्ने मात्र होइन कि प्राप्त उपलब्धीहरु, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता पनि गुम्ने स्थिति बन्दै गएको छ। धर्म निरपेक्षता, संघीयता र गणतन्त्र यी तीनवटै मुद्दा एमाले र कांग्रेसका होइनन्। यी सबै माओवादीका मुद्दा हुन्। त्यसैले एमाले कांग्रेसलाई यी कुरासँग खासै सम्वन्ध छैन। त्यसैले माओवादी यस सवालमा अत्यन्त सचेत हुन जरुरी छ। अर्कोतर्फ एमालेको केपी ओली समूह र कांग्रेसका केही नेताहरुले माओवादी जंगल नगए आफ्नो मंगल नहुने देखेकाले माओवादीलाई जंगल फर्काउने योजनामा मात्र उनीहरुले बुद्धि खर्चेका छन्। त्यसैले माओवादीले जंगल फर्केर यिनीहरुको इच्छा पूरा नगरोस्। माओवादीको अहिले ध्यान सरकारमा जाने भन्दा पनि संविधान तयार गरेर चुनाव गराई बहुमत हासिल गरी शासन गर्नेतर्फ लाग्नुपर्नेमा किन यो खिचडी सरकार बनाउन प्रयास गरेको हो यो भने बुझ्न सकेको छैन। एमाले र कांग्रेस त अहिले झन् जनताबाट धेरै टाढा भइसकेकाले यदि चुनाव भएमा उनीहरुको हैसियत झन् दयनीय हुन जाने निश्चित छ। त्यसैले एमाले र कांग्रेस चुनाव भन्दा पनि यसै संसदमा रमाइरहने छन्। तर माओवादीले यो किन नबुझेको हो ? अचम्म यसैमा छ।

*– यस.डी. रावल*
*स्कटल्याण्ड*